मध्यनेपाल नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

भोर्लेटार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

**आर्थिक वर्ष २०८०/०८१ को लागि मध्यनेपाल नगरपालिका क्षेत्र भित्रको नदिनाला वाट नदीजन्यपदार्थ (ढुङ्गा, गिट्टी, बालुवाआदी) उत्खन्न तथा बिक्रिकार्यको लागि शिलबन्दी बोलपत्र आव्स्वान गरिएको सूचना**

**(तेस्रो पटक प्रकाशित भएकोमिति : २०८०।०८।१९)**

मध्यनेपाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भोर्लेटार लमजुङ
गण्डकी प्रदेश
२०७३

स्थानीय सरकार संचालन ऐन २०७४ को प्रावधान (दफा ११ र ६४) एवम् मध्य नेपाल नगरपालिका नगर कार्यपालिकाको २०८०/०५/३१ को निर्णय अनुसार तपशिलमा उल्लेखित नदी तथा खोलाको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्यपदार्थ संकलन गरी मध्यनेपाल नगरपालिकाले तोकेको दरमा बिकी गर्ने गरी ठेक्काबन्दोवस्त गर्नुपर्ने भएकोले कानुनी प्रकृया पुरा गरेका इच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र, कर चुक्ताको प्रमाणपत्र र नेपालीनागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपशिल बमोजिमका शर्तहरुकाअधिनमा रहीबोलपत्रप्रकृयामा सहभागीहुन सबैको जानकारीको लागि तेस्रो पटक यो सूचना प्रकाशन गरिएको छ। अन्य थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

| क.सं. | ठेक्का नम्बर | नदी/ खोलाको नाम | घाट/उत्खनन् स्थलको नाम | वडा नं. | उत्खनन् परिमाण (घ.मि) | न्यूनतम ठेक्कारकम (भ्याट र टि डि यस बाहेक) | बोलपत्रफारम दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १ | १/०८०/८१ | मादीनदी | एक्कुवार घाट | ८ | १४०७.० | ३५७९४१।०० ( तिन लाख सन्ताउन्न हजार नौ सय एकचालिस मात्र) | रु.१०००।०० |
| २ | २/०८०/८१ | | रामबजार कोइलेनीखण्ड | ७ | ३०००.० | ७६३२००।०० ( सात लाख त्रिसट्ठी हजार दइ सय मात्र) | रु.१०००।०० |
| ३ | ३/०८०/८१ | | पिस्ती दोभान खण्ड | ६ | ४३२०.० | १०९९००८।०० (दश लाख उनान्सय हजार आठ मात्र) | रु.१०००।०० |
| ४ | ५/०८०/८१ | | बाउँदी दोभान खण्ड | ५ | ४८००.० | १२२११२०।०० (वार लाख एक्काइस हजार एक सय विस मात्र) | रु.१०००।०० |
| ५ | ७/०८०/८१ | | रिस्ती दोभान खण्ड | ४ | १५१२.० | ३८४६५३।००( तिन लाख चौरासी हजार छ सय त्रिपन्न मात्र) | रु.१०००।०० |
| ६ | ९/०८०/८१ | रिस्ती खोला | चर्दी दोभानबाट व्यास मार्ग रिस्तीपुल खण्ड | ४ | ९००.० | २,२८९६०।००( दुइ लाख अट्ठाइस हजार नौ सय साठी मात्र) | रु.१०००।०० |
| ७ | १२/०८०/८१ | मिदिम | देउरालीखोला दोभान बाट नाल्मा फेदी खण्ड | ८, ९, १० | ६२५०.० | १५९००००।०० (पन्ध्र लाख नव्वे हजार मात्र) | रु.१०००।०० |

---

**बोलपत्र सम्बन्धी शर्तहरु :-**

१. प्रत्येक ठेक्कांको दरभाउपत्र छुट्टा छुट्टै खरिद गरी बाहिर स्पष्ट रुपमा कुन ठेक्काको लागि दरभाउपत्र पेश गरेको हो लेखी पेश गर्नु पर्नेछ।

२.बोलपत्र सम्बन्धि फाराम भर्दा कबोल रकमअंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आँफूले कबोल गरेको अंक को ५ प्रतिशतका दरले हुनआउने धरौटी रकम कृषिविकास बैंक भोर्लेटार शाखामा रहेको धरौटी खाता नं.**०३१७९०१२१०२६००३२** मा जम्मा गरी सोको सक्कल भौचर पेश गर्नुपर्नेछ। वा"क"वर्गको वाणिज्य बैंकबाट जारी गरेको कम्तीमा १२० दिनअवधिको बिड वण्ड (बैंक जमानिपत्र) को सक्कल प्रति पेश गरेको हुनुपर्नेछ।

३. खरिद भएका बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्र दाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी सहितखामबाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्रविवरण, प्रोपाइटरको नाम ठेगाना, फोन नम्बर समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटेक सूचनाप्रकाशितभएको मितिले ७ औ दिनको कार्यालय समय भित्र बोलपत्र फाराम खरिद गरी ८ औं दिनको ठिक १२:०० बजेभित्रयस कार्यालयमा हँर्ड कपि दर्ता गराउनु पर्नेछ।

। यदि ७ औ दिन बिदा पर्न गएमा सोको लगत्तै पछि कार्यालय खुल्ने दिनमा उल्लेखित कार्य हुनेछ।

४. एउटा फर्म वा संस्थाको नाममाखरिद गरीएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाईने छैन। रितपूर्वक आएकाबोलपत्र सम्बन्धिकागजातहरु पेश गर्ने अन्तिमदिनको १:०० बजेदेखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्र दाता वा निजको प्रतिनिधि बोलपत्रखोल्ने समयमा उपस्थित नभएमा बोलपत्रखोल्न कुनै बाधा पर्ने छैन।

५. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा टाँस भएको मितिले ७दिनभित्रबोलपत्रदाताले कबोल गरेको पुरै रकमको मूल्यअभिवृद्धि कर (भ्याट १३ प्रतिशत) तथा नेपाल सरकारलाई बुझाउनुपर्ने अन्य करहरु चुक्ता गरेको सक्कलै बैंक भौचर लिई कार्यालयमा उपस्थित हुनुपर्नेछ। किस्ताको आधारमा रकमबुझाउने भए प्रथम किस्तावापत ५० प्रतिशतले हुनआउने रकम सम्झौता अवधिमा र दोस्रो किस्ता वापत ५० प्रतिशतको आगामी २०८१ असोज मसान्तसम्मको अवधिभएको बैंक जमानतपत्र पेश गर्नुपर्नेछ। साथै दोस्रो किस्ता फाल्गुण मसान्त सम्म बुझाउनु पर्नेछ।

६. तोकिएको म्यादभित्र सम्पर्क हुननआएमा धरौटी रकम जफत गरी नियमानुसार अन्यबोलपत्रदाताहरु सँग ठेक्का बन्दोवस्त गरिनेछ

७. दरभाउपत्र फाराम खरिद, दर्ता र खोल्ने अन्तिमदिन सार्वजनिक बिदा परेमा त्यसको भोली पल्ट कार्यालय खुलेको दिन लाइ अन्तिम दिन मानिने छ।

८. कुनै पनि बन्द हडताल, प्राकृतिकप्रकोप आदि कारण देखाई छुट वा मिनाहाको दावी गर्न पाईने छैन। नदीजन्यपदार्थ उत्खनन् ढुवानी गर्दा विवाद उत्पन्न भएमा बोलपत्रदाता स्वयंमले व्यवस्थापन गर्नु पर्नेछ।

९. ठेक्का सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा मध्यनेपालनगरपालिकाको निर्णय अन्तिम हुनेछ।

१०. ढुङ्गा, गिट्टी, रोडा आदीको उत्खनन् स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय सरकारबाट जारी भएका कानुन, प्रदेश कानुन(निर्देशिका) र कार्यपालिकाको निर्णय बमोजिमहुनेछ।

११. अन्य कुराहरु बिड डकुमेन्टमा समावेश गरिए बमोजिम हुनेछ ।

शेषकान्त पौडेल
प्रमुख प्रशासकीय अधिकृत